# खुम्बु पासाङल्हामु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

चौरीखर्क, सोलुखुम्बु, कोशी, नेपाल।

# स्थानीय राजपत्र

खण्डः ७ | संख्याः २ | मितिः २०८१/०३/२४


## भाग-१

## खुम्बु पासाङल्हामु गाउँपालिका

# आर्थिक ऐन, २०८१

# खुम्बु पासाङल्हामु गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८१

**प्रस्तावनाः** खुम्बु पासाङल्हामु गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ बमोजिम खुम्बुपासाङल्हामु गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहेको छ। यो ऐन २०८१ साल श्रावण १ गतेदेखि खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र **अनुसूची-१** बमोजिम सम्पत्ति कर, घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ।

३. **भूमि कर, मालपोतः** गाउँपालिका क्षेत्रभित्र **अनुसूची-२** बमोजिम भूमि कर मालपोत लगाइने र असुल उपर गरिनेछ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा **अनुसूची-३** बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा **अनुसूची-४** बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत **अनुसूची-५** बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा **अनुसूची-६** बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन

स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसूची-७** बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा **अनुसूची-८** बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल भिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका **अनुसूची-९** मा उल्लेख भए अनुसार हाट बजार, मेलामहोत्सव वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल भिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत **अनुसूची-१०** बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेबापत **अनुसूची-११** बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका **अनूसूचि-१२** मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट **अनुसूची-१३** मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन। तर, कर उठाउन प्रोत्साहनको लागि कुनै निश्चित समयावधी तोकेर निश्चित प्रतिशत छुट दिन वा जरिबानामा छुट दिन कर तथा गैरकर लगाउने र उठाउने सम्बन्धमा बनेको ऐन, २०८१ बमोजिम पाइनेछ।

१६. **कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

१७. **करको असुली तथा दण्ड जरिबानाः** यस गाउँपालिकाले निर्धारण गरेको कर तथा गैर कर सोही आर्थिक वर्ष भित्रै वुझाईसक्नु पर्नेछ। उक्त समय भित्र कर नबुझाएमा लाग्ने दण्ड जरिबाना कर तथा गैरकर लगाउने र उठाउने सम्बन्धमा बनेको ऐन,२०८१ बमोजिम लाग्नेछ।

आज्ञाले,
जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

<u>अनुसूची-१</u>

<u>सम्पत्ति कर</u>

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको दरमा सम्पत्ति कर लगाउने छ। जसलाई देहाय बमोजिमको दररेट कायम गरिएको छः**

| सम्पत्तिको मूल्यांङ्कन | करको दर (रु) |
|---|---|
| एक रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म | २०/- |
| तीन लाख एक रुपैयाँदेखि दश लाख रुपैयाँसम्म | १००/- |
| दश लाख एक रुपैयाँदेखि बीस लाख रुपैयाँसम्म | २५०/- |
| बीस लाख एक रुपैयाँदेखि पचास लाख रुपैयाँसम्म | ६००/- |
| पचास लाख एक रुपैयाँदेखि एक करोड रुपैयाँसम्म | २,०००/- |
| एक करोड एक रुपैयाँदेखि दुई करोड रुपैयाँसम्म | ५,०००/- |
| दुई करोड एक रुपैयाँदेखि तीन करोड रुपैयाँसम्म | ९,०००/- |
| तीन करोड एक रुपैयाँदेखि चार करोड रुपैयाँसम्म | १५,०००/- |
| चार करोड एक रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म | २२,०००/- |
| पाँच करोड एक रुपैयाँदेखि दश करोड रुपैयाँसम्म | प्रति लाख रु १०० का दरले थप |
| दश करोड एक रुपैयाँ र सो भन्दा माथि | प्रति लाख रु २०० का दरले थप |

## अनुसूची-२
## भूमिकर (मालपोत)

| जग्गाको किसिम | करको दर (रु) |
|---|---|
| कृषि क्षेत्रमा पर्ने जग्गा प्रति रोपनी | १०/- |
| आवासीय क्षेत्रमा पर्ने जग्गा प्रति रोपनी | २०/- |
| व्यवसायिक क्षेत्रमा पर्ने जग्गा प्रति रोपनी | ३०/- |
| औद्योगिक क्षेत्रमा पर्ने जग्गा प्रति रोपनी | ३०/- |
| खानी तथा खनिज क्षेत्रमा पर्ने जग्गा प्रति रोपनी | ५०/- |
| वन क्षेत्रमा पर्ने जग्गा प्रति रोपनी | २०/- |
| नदी, खोला, ताल, सिमसार क्षेत्रमा पर्ने जग्गा प्रति रोपनी | १०/- |
| सार्वजनिक उपभोगको क्षेत्रमा पर्ने जग्गा प्रति रोपनी | २०/- |
| सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा पर्ने जग्गा प्रति रोपनी | - |
| अन्य क्षेत्रमा पर्ने जग्गा प्रति रोपनी | २०/- |

## अनुसूची-३
## बहाल कर

**गाउँपालिका क्षेत्र भित्र देहाय अनुसार बहाल कर लाग्नेछः**

| प्रयोजन | करको दर (रु) |
|---|---|
| कृषि प्रयोजनका लागि प्रयोग हुने घर/जग्गामा | ५ प्रतिशत |
| कृषि बाहेक अन्य (संघसंस्था/आवासीय/व्यवसायिक) प्रयोजनका लागि प्रयोग हुने घर/जग्गा बहाल कर | १० प्रतिशत |

१. घर/जग्गा भाडामा लिई व्यवसाय सञ्चालन गरेकोमा व्यवसाय दर्ता/नविकरण सँगसँगै बहालकर लिइनेछ।

२. सरकारी कार्यालय वा संघसंस्थाहरुले घर बहाल भुक्तानी गर्दा घर भाडा भुक्तानी गरेकै अवस्थामा घरवहाल कर कटाई गाउँपालिकामा पठाउनु पर्नेछ।

३. घर तथा जग्गा भाडामा लिई व्यवसाय दर्ता वा नविकरण गर्दा घर/जग्गा धनीसँगको सम्झौता पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

<u>अनुसूची-४</u>

<u>व्यवसाय कर</u>

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा व्यवसाय कर लगाउने छ। व्यवसायीले आफ्नो व्यवसाय गाउँपालिकामा दर्ता गरी हरेक आर्थिक वर्षमा व्यवसाय कर तिरी व्यवसाय नविकरण गर्नुपर्नेछ। व्यवसायको प्रकृतिका आधारमा देहाय बमोजिमको दररेट कायम गरिएको छ।

| **क्र.सं.** | **व्यवसायको किसिम** | **वार्षिक कर** | | |
|---|---|---|---|---|
| | | **क वर्ग** | **ख वर्ग** | **ग वर्ग** |
| **१.** | **ठूला व्यवसाय तर्फ** | **५ करोड भन्दा बढी पूँजी लगानी भएका** | **३ करोडदेखि ५ करोडसम्म पूँजी लगानी भएका** | **३ करोड भन्दा कमपूँजी लगानी भएका** |
| १.१ | हेली उडान व्यवसाय (प्रति कम्पनी) | २,००,०००/- | | |
| १.२ | रिसोर्ट होटल | १,००,०००/- | ७०,०००/- | ५०,०००/- |
| १.३ | उद्योग | **५ करोड भन्दा बढी पूँजी लगानी भएका** | **३ करोडदेखि ५ करोडसम्म पूँजी लगानी भएका** | **३ करोड भन्दा कम पूँजी लगानी भएका** |
| १.३.१ | ग्याँस उद्योग | १,००,०००/- | ८०,०००/- | ६०,०००/- |
| १.३.२ | बोतल वाटर उद्योग | १०,०००/- | ८,०००/- | ६,०००/- |
| १.३.३ | क्रसर उद्योग अस्थायी (मासिक) | ३०,०००/- | २५,०००/- | २०,०००/- |
| १.३४. | ग्रिल आल्मुनियम स्टील लगायत उद्योग | २०,०००/- | १०,०००/- | ५,०००/- |
| १.३.५ | फर्निचर उद्योग | २०,०००/- | १०,०००/- | ५,०००/- |
| १.३.६ | कंक्रीट उद्योग (रिङ,ब्लक,टायल,पोल आदि) | २०,०००/- | १०,०००/- | ५,०००/- |
| १७.३. | खाद्यान्न (चिप्स,बेकरी,दालमोठ लगायत) | २०,०००/- | १०,०००/- | ५,०००/- |
| १.३.८ | कापी तथा छापाखाना उद्योग | २०,०००/- | १०,०००/- | ५,०००/- |
| १.३.९ | क्रेटर कार्टुन उद्योग | २०,०००/- | १०,०००/- | ५,०००/- |
| १.३.१० | बोरा उद्योग | २०,०००/- | १०,०००/- | ५,०००/- |
| १.३.११ | पुराना कपडाबाट कपास तयार गर्ने उद्योग | ५०,०००/- | ३०,०००/- | १०,०००/- |
| १.३.१२ | मिल (पेलानी आदि,पिसानी,कुटानी) | ४,०००/- | ३,५००/- | ३,०००/- |
| १.२.१ | केवलकार व्यवसाय | ५,००,०००/- | ४,००,०००/- | ३,००,०००/- |
| १.२.१५ | बालुवा प्लान्ट | ३०,०००/- | २५,०००/- | २०,०००/- |
| ११६.२. | अन्य उद्योग | २५,०००/- | २०,०००/- | १०,०००/- |

| २ | *मझौला तथा साना व्यवसाय तर्फ* | *क वर्ग* | *ख वर्ग* | *ग वर्ग* |
|---|---|---|---|---|
| *२.१* | *होटल, लज, रेष्टुरेन्ट, मिठाइ पसल, चिया खाजा पसल, क्याफे, पार्टी प्यालेस, दोहोरी साँझ आदि* | *५० लाख भन्दा बढी पूँजी लगानी भएका* | *५ लाखदेखि ५० लाखसम्म पूँजी लगानी भएका* | *५ लाख भन्दा कम पूँजी लगानी भएका* |
| २.१.१ | सामान्य चिया पसल | - | - | १,०००/- |
| २.१.२ | लज सहितको होटल | ६,०००/- | ४,०००/- | २,०००/- |
| २.१.३ | रेष्टुरेन्ट | ५,०००/- | ३,०००/- | २,०००/- |
| २.१.४ | मिष्ठान्न भण्डार | २,०००/- | १,५००/- | १,०००/- |
| २.१.५ | दोहोरी साँझ/डान्स वार/पब | १०,०००/- | ७,०००/- | ५,०००/- |
| २.१.६ | साधारण खाजा पसल | ३,०००/- | २,०००/- | १,०००/- |
| २.१.७ | क्याफे हाउस | ५,०००/- | ३,०००/- | २,०००/- |
| २.१.८ | पार्टिप्यालेस | १५,०००/- | १२,०००/- | १०,०००/- |
| २.१.९ | कटेज )होटल( | ५,०००/- | ३,०००/- | २,०००/- |
| *२.२* | *टेन्ट हाउस तथा क्याटरिङ्ग* | ५ करोड भन्दा बढी पूँजी लगानी भएका | ३ करोडदेखि ५ करोडसम्म पूँजी लगानी भएका | ३ करोड भन्दा कमपूँजी लगानी भएका |
| २१.२. | टेन्ट हाउस र क्याटरिङ्ग दुवै भएको | ५,०००/- | ४,५००/- | ४,०००/- |
| २२.२. | टेन्ट हाउस मात्र | ४,०००/- | ३,५००/- | ३,०००/- |
| *२.३* | *सुनचाँदी पसलहरु* | *३ करोड भन्दा बढी पूँजी लगानी भएको* | *५० लाखदेखि ३ करोडसम्म पूँजी लगानी भएको* | *५०लाख भन्दा कम पूँजी लगानी भएको* |
| २.३.१ | सुन,चाँदी खरिद बिक्री तथा गहना बिक्रेताका सोरुम भएका | ६,०००/- | ५,५००/- | ५,०००/- |
| २.३२. | सुन, चाँदी खरिद बिक्री तथा गहना पसल | ५,०००/- | ४,०००/- | ३,०००/- |
| *२.४* | *मोटर, मोटरसाइकल तथा पार्ट्स बिक्री तथा मर्मत* | *३ करोड भन्दा बढी पूँजी लगानी भएको* | *५० लाखदेखि ३ करोडसम्म पूँजी लगानी भएको* | *५०लाख भन्दा कम पूँजी लगानी भएको* |
| २१.४. | साईकल विक्री  तथा मर्मत | २,०००/- | २,०००/- | १,५००/- |
| २२.४. | चार पाङग्रे वर्कसप अटोमेकानिकल इन्जिनियरिङ तथा पार्टस | ६,०००/- | ५,५००/- | ५,०००/- |
| २३.४. | दुई पाङग्रे वर्कसप अटोमेकानिकल इन्जिनियरिङ तथा पार्टस | ४,०००/- | ३,५००/- | ३,०००/- |
| २४.४. | मोटरसाइकल, इलेक्ट्रीक अटो तथा पेट्रोलबाट चल्ने अटो आदिको सो रुम | १०,०००/- | ७,०००/- | ५,०००/- |
| २५.४. | जिपकार/ट्र्याक्टर/भ्यान सो रुम | ५०,०००/- | ३५,०००/- | २५,०००/- |

| | | | | |
|---|---|---|---|---|
| २६.४. | टायर मर्मत गर्ने, हावा हाल्ने सिट मर्मत गर्ने अन्य | २,५००/- | २,०००/- | १,५००/- |
| २७.४. | मोटरसाईकल रि-कण्डिसन | ६,०००/- | ५,५००/- | ५,०००/- |
| ***२.५*** | ***इलेक्ट्रिक तथा इलेक्ट्रोनिक सामान विक्रि तथा मर्मत*** | ***५० लाख भन्दा बढी पूँजी लगानी भएका*** | ***५ लाखदेखि ५० लाखसम्म पूँजी लगानी भएका*** | ***५ लाख भन्दा कम पूँजी लगानी भएका*** |
| २.५.१ | मोवाईल, कम्प्युटर, टिभी, फ्रिज लगायत इलेक्ट्रोनिक सामग्री विक्री तथा मर्मत | १०,०००/- | ६,०००/- | ३,०००/- |
| २२.५. | इलेक्ट्रिक सामानहरुको विक्री तथा मर्मत | ५,०००/- | ३,०००/- | २,०००/- |
| २३.५. | फोटो, भिडियो ग्राफिक्स तथा प्रिन्टिङ | ५,०००/- | ३,०००/- | २,०००/- |
| ***२.६*** | ***स्वास्थ्य सेवासँग सम्बन्धीत*** | ***३ करोड भन्दा बढी पूँजी लगानी भएको*** | ***५० लाखदेखि ३ करोडसम्म पूँजी लगानी भएको*** | ***५०लाख भन्दा कम पूँजी लगानी भएको*** |
| २.६.१ | अस्पताल तथा नर्सिङ होम (डाक्टर र बेड राखि उपचार गर्ने) | ३०,०००/- | २५,०००/- | |
| २२.६. | क्लिनिक (ल्याब सहित) | २५,०००/- | २०,०००/- | १५,०००/- |
| २३.६. | डेण्टल क्लिनिक | ४,०००/- | ३,५००/- | ३,०००/- |
| २४.६. | औषधी/फार्मेसी पसल | ५,०००/- | ३,०००/- | २,०००/- |
| २५.६. | चस्मा पसल | २,०००/- | १,५००/- | १,०००/- |
| २६.६. | अन्य स्वास्थ्य सेवा | ५,०००/- | ३,०००/- | २,०००/- |
| ***२.७*** | ***कपडा, फेन्सी, कस्मेटिक, गिफ्ट, भाँडा, जुत्ताचप्पल पसल*** | ***५० लाख भन्दा बढी पूँजी लगानी भएका*** | ***५ लाखदेखि ५० लाखसम्म पूँजी लगानी भएका*** | ***५ लाख भन्दा कम पूँजी लगानी भएका*** |
| २१.७. | जुत्ता तथा चप्पल खुद्रा विक्री | ५,०००/- | ३,०००/- | २,०००/- |
| २२.७. | गिफ्ट तथा कस्मेटिक पसल | ५,०००/- | ३,०००/- | २,०००/- |
| २३.७. | कपडा तथा फेन्सी पसल | ५,०००/- | ३,०००/- | २,०००/- |
| २४.७. | भाँडा पसल | ५,०००/- | ३,०००/- | २,०००/- |
| २.७.५ | घुमिफिरि व्यवसाय, पटके | ३,०००/- | २,०००/- | १,०००/- |
| ***२८.*** | ***खाद्य पदार्थ सम्बन्धी पसल तथा व्यवसाय*** | ***५० लाख भन्दा बढी पूँजी लगानी भएका*** | ***५ लाखदेखि ५० लाखसम्म पूँजी लगानी भएका*** | ***५ लाख भन्दा कम पूँजी लगानी भएका*** |
| २१.८. | किराना पसल | ५,०००/- | ३,०००/- | २,०००/- |
| २२.८. | कोल्ड स्टोर्स, प्रोभिजनल स्टोर्स | ५,०००/- | ३,०००/- | २,०००/- |
| २३.८. | माछा, मासु पसल | ५,०००/- | ३,०००/- | २,०००/- |
| २४.८. | तरकारी, फलफुल, साग सब्जी तथा पुष्प व्यवसाय | ३,०००/- | २,०००/- | १,०००/- |

| | | | | |
|---|---|---|---|---|
| २५.८. | अण्डा र दाना तथा पशु आहार व्यवसाय | ४,०००/- | ३,०००/- | १,५००/- |
| २६.८. | कृषि उपज व्यापार (धान, मकै, गहुँ तथा अन्य खाद्यान्न आदि) | ३,०००/- | २,०००/- | १,०००/- |
| २७.८. | आलु, प्याज, लसुन व्यापार | ६,०००/- | ३,०००/- | १,०००/- |
| २८.८. | दुग्ध डेरी | १,५००/- | १,०००/- | ५००/- |
| २.९ | *निर्माण सामाग्री बिक्री मर्मत लगायतका व्यवसाय* | *३ करोड भन्दा बढी पूँजी लगानी भएको* | *५० लाखदेखि ३ करोडसम्म पूँजी लगानी भएको* | *५०लाख भन्दा कम पूँजी लगानी भएको* |
| २१.९. | हार्डवेयर पसल(छड आदि ,सिमेन्ट) | २०,०००/- | १५,०००/- | १०,०००/- |
| २२.९. | मार्बल, टायल, सेनेटरीका सामानहरुको विक्री | ६,०००/- | ५,५००/- | ५,०००/- |
| २३.९. | गिट्टी, बालुवा, ढुङ्गा सप्लायर्सई /ट्राडिपो/ सप्लायर्स | २५,०००/- | २०,०००/- | १५,०००/- |
| २४.९. | प्लाई, सिसा, कार्पेटपर्दा, आदि विक्री गर्ने | ६,०००/- | ५,५००/- | ५,०००/- |
| *२१०.* | *कृषि तथा भेटेरिनरीसँग सम्बन्धीत व्यवसाय* | *५० लाख भन्दा बढी पूँजी लगानी भएका* | *५ लाखदेखि ५० लाखसम्म पूँजी लगानी भएका* | *५ लाख भन्दा कम पूँजी लगानी भएका* |
| २१.१०. | कृषि तथा पशु फर्म | २,०००/- | १,५००/- | ५००/- |
| २२.१०. | कृषि मल विउ आदि | ५,०००/- | ४,५००/- | ४,०००/- |
| २३.१०. | बाँस खरिद विक्री डिपो | ३,०००/- | २,५००/- | २,०००/- |
| २४.१०. | भेटेरिनरी औषधी पसल | ७,०००/- | ५,०००/- | ३,०००/- |
| *२११.* | *मदिरा तथा सूर्तीजन्य पदार्थसँग सम्बन्धीत व्यवसाय* | *५० लाख भन्दा बढी पूँजी लगानी भएका* | *५ लाखदेखि ५० लाखसम्म पूँजी लगानी भएका* | *५ लाख भन्दा कम पूँजी लगानी भएका* |
| २१.११. | मदिरा होलसेल | १०,०००/- | ८,०००/- | ५,०००/- |
| २२.११. | मदिरा खुद्रा बिक्री | ५,०००/- | ३,०००/- | २,०००/- |
| २३.११. | सूर्तीजन्य पदार्थ पान,गुट्खा,खैनी,चुरोट) बिक्री (आदि | ५,०००/- | ३,०००/- | २,०००/- |
| *२१२.* | *घरेलु सिपमुलक सामाग्री उत्पादन तथा बिक्रि बितरण सम्बन्धी व्यवसाय* | *५० लाख भन्दा बढी पूँजी लगानी भएका* | *५ लाखदेखि ५० लाखसम्म पूँजी लगानी भएका* | *५ लाख भन्दा कम पूँजी लगानी भएका* |
| २१.१२. | टेलरिङ्ग व्यवसाय | ५,०००/- | ३,०००/- | २,०००/- |
| २२.१२. | आर्ट व्यवसाय | ५,०००/- | ३,०००/- | २,०००/- |
| २३.१२. | डोको, नाम्लो, भकारी, प्लास्टिक तथा बेतबासका सामानहरु विक्री | ३,०००/- | २,०००/- | १,०००/- |
| २४.१२. | माटोको भाँडा बनाउने बेच्ने | २,०००/- | १,५००/- | १,०००/- |

| | | | | |
|---|---|---|---|---|
| *२१३.* | *इन्धन बिक्री वितरणसँग सम्बन्धीत व्यवसाय* | *३ करोड भन्दा बढी पूँजी लगानी भएको* | *५० लाखदेखि ३ करोडसम्म पूँजी लगानी भएको* | *५०लाख भन्दा कम पूँजी लगानी भएको* |
| २१.१३. | डिजेल, पेट्रोल दुवै बिक्री गर्ने | २०,०००/- | १५,०००/- | १०,०००/- |
| २२.१३. | डिजेल मात्र बिक्री गर्ने | ७,०००/- | ६,०००/- | ५,०००/- |
| २३.१३. | पेट्रोल मात्र बिक्री गर्ने | ७,०००/- | ६,०००/- | ५,०००/- |
| २४.१३. | मट्टितेल बिक्री गर्ने | ७,०००/- | ५,०००/- | ३,०००/- |
| २५.१३. | ग्याँस सिलिण्डर बिक्रेता | ७,०००/- | ५,०००/- | ३,०००/- |
| *२.१४* | *व्यक्तिगत सेवा सम्बन्धीत व्यवसाय* | *५० लाख भन्दा बढी पूँजी लगानी भएका* | *५ लाखदेखि ५० लाखसम्म पूँजी लगानी भएका* | *५ लाख भन्दा कम पूँजी लगानी भएका* |
| २१.१४. | सैलुन | ५,०००/- | ३,०००/- | २,०००/- |
| २२.१४. | ब्यूटि पार्लर | ५,०००/- | ३,०००/- | २,०००/- |
| २३.१४. | ड्राई क्लिनर्स तथा धुलाई सफाई | ५,०००/- | ३,०००/- | २,०००/- |
| २४.१४. | लेखा परीक्षक व्यवसाय | ५,०००/- | ३,०००/- | २,०००/- |
| २.१४.५ | स्पा मसाज, ज्याकुजि, ट्याटुइङ्ग | १०,०००/- | ८,०००/- | ५,०००/- |
| *२१५.* | *सञ्चार तथा सूचना प्रविधिसँग सम्बन्धीत व्यवसाय* | *५० लाख भन्दा बढी पूँजी लगानी भएका* | *५ लाखदेखि ५० लाखसम्म पूँजी लगानी भएका* | *५ लाख भन्दा कम पूँजी लगानी भएका* |
| २१.१५. | अनलाईन खबर मिडिया | २,०००/- | १,५००/- | १,०००/- |
| २२.१५. | केबुल प्रसारण/ISP प्रदायक | २५,०००/- | १५,०००/- | - |
| २३.१५. | कुरियर सेवा | ४,०००/- | ३,५००/- | ३,०००/- |
| २४.१५. | साइवर, नेट फोन सेवा (कम्यूनिकेशन सेवा) | ३,०००/- | २,५००/- | २,०००/- |
| २५.१५. | एफ.एम. रेडियो | ४,०००/- | ३,५००/- | ३,०००/- |
| *२१६.* | *विविध सिपमुलक तालिम सञ्चालन गर्ने व्यवसाय* | *५० लाख भन्दा बढी पूँजी लगानी भएका* | *५ लाखदेखि ५० लाखसम्म पूँजी लगानी भएका* | *५ लाख भन्दा कम पूँजी लगानी भएका* |
| २१.१६. | कम्प्युटर, ड्राईभिङ्ग तथा भाषा इन्स्टिच्युट | १५,०००/- | १०,०००/- | ५,०००/- |
| २२.१६. | अन्य इन्स्टिच्युट एवं ट्युसन सेन्टर | ५,०००/- | ३,०००/- | २,०००/- |
| *२१७.* | *अन्य विविध सेवा तथा व्यवसाय* | *३ करोड भन्दा बढी पूँजी लगानी भएको* | *५० लाखदेखि ३ करोडसम्म पूँजी लगानी भएको* | *५०लाख भन्दा कम पूँजी लगानी भएको* |
| २१.१७. | डिलर व्यवसाय | २०,०००/- | १५,०००/- | १०,०००/- |

| | | | | |
|---|---|---|---|---|
| २२.१७. | ईन्जिनियरिङ्ग कन्सल्टेन्सी/व्यक्तिगत फर्म दर्ता (घर नक्शा कार्यका लागि) | १०,०००/- | ८,०००/- | ७,०००/- |
| २३.१७. | डिपार्टमेन्टल स्टोर | १०,०००/- | ९,०००/- | ८,०००/- |
| २४.१७. | हाउजिङ्ग कम्पनी/प्लटिङ | १५,०००/- | १२,०००/- | १०,०००/- |
| २५.१७. | टुर्स एण्ड ट्राभल्स | ४,०००/- | ३,५००/- | ३,०००/- |
| *२१८.* | *अन्य साना तथा मझौला विविध सेवा तथा व्यवसाय* | ***५० लाख भन्दा बढी पूँजी लगानी भएका*** | ***५ लाखदेखि ५० लाखसम्म पूँजी लगानी भएका*** | ***५ लाख भन्दा कम पूँजी लगानी भएका*** |
| २१.१८. | गाडी धुने | ५,०००/- | ४,५००/- | ४,०००/- |
| २२.१८. | पानीपुरी चटपटे बरफ आइसक्रिम | २,०००/- | १,५००/- | १,०००/- |
| २३.१८. | गाडि चार्ज स्टेशन | ६,०००/- | ५,५००/- | ५,०००/- |
| २४.१८. | कवाडी व्यवसाय | २,५००/- | २,०००/- | १,५००/- |
| २५.१८. | जल स्रोत खानेपानी मुहान दर्ता | २,५००/- | २,०००/- | १,५००/- |
| २६.१८. | पार्किङ व्यवसाय | ४,०००/- | ३,५००/- | ३,०००/- |
| २७.१८. | बाद्यवाधन वस्तुहरु विक्री | ३,०००/- | २,५००/- | २,०००/- |
| २८.१८. | धातुका भाँडा, मूर्ति र काठ सामाग्री बनाउने व्यवसाय | ३,०००/- | २,५००/- | २,०००/- |
| २९.१८. | होमस्टे | ३,०००/- | २,०००/- | १,०००/- |
| २१०.१८. | जिप लाईन | १०,०००/- | ७,०००/- | ५,०००/- |
| २१०.१८. | घोडा चढी, खच्चडजोप्के/ ढुवानी | | २,०००/- | १,०००/- |

| | |
|---|---|
| घ वर्गको ठेक्का इजाजत पत्र | २०,०००/- |

| **क.सं** | **व्यवसायको किसिम** | **वार्षिक कर** | | | |
|---|---|---|---|---|---|
| | | **क वर्ग** | **ख वर्ग** | **ग वर्ग** | **घ वर्ग** |
| ***२१९.*** | ***बैंक तथा वित्तिय सेवासँग सम्बन्धीत व्यवसाय*** | | | | |
| २१.१९. | बैंक, विकास बैंक/फाईनान्स र लघुवित्त संस्थाको शाखा कार्यालय | ३०,०००/- | २५,०००/- | १५,०००/- | १०,०००/- |
| २२.१९. | विमा कम्पनी | ७,०००/- | ६,५००/- | ६,०००/- | - |
| २३.१९. | विमा एजेन्सी | ३,०००/- | २,५००/- | २,०००/- | - |
| २४.१९. | रेमिटेन्स सेवा | ५,०००/- | ४,५००/- | ४,०००/- | - |
| २५.१९. | सहकारी | १,५००/- | १,०००/- | ५००/- | - |

| *शिक्षा तथा खेलकुद सेवासँग सम्बन्धीत व्यवसाय* | | | | |
|---|---|---|---|---|
| *२२०.* | *शिक्षा तथा खेलकुद सेवा* | *उच्च शिक्षा* | *माध्यमिक तह* | *आधारभूत तह* |
| २१.२०. | मन्टेश्वरी शिक्षा | ५,०००/- | ४,५००/- | ४,०००/- |
| २२.२०. | आधारभुत तह (१-५) | ९,०००/- | ८,५००/- | ८,०००/- |
| २३.२०. | पुस्तक, स्टेशनरी तथा खेलकुदका सामानहरु विक्रि पसल | ३,०००/- | २,५००/- | २,०००/- |
| २४.२०. | जिम हाउस एवं फिटनेस सेन्टर/स्नोकर | ३,०००/- | २,५००/- | २,०००/- |

**(नोटः एकभन्दा बढी व्यवसाय सञ्चालन गरेकोमा प्रत्येकको छुट्टा छुट्टै व्यवसाय कर जोडी कर लिइने छ।)**

## अनुसुचि-५

## जडिबुटी, कवाडी र जीवजन्तु (प्रतिबन्धित बाहेक) कर

| **जडिबुटीका किसिम** | **करका दर** |
|---|---|
| सबै किसिमका जडिबुटी | प्रति के.जी १० रुपैयाँ |
| कवाडी फलाम जन्य | प्रति के.जी १५ रुपैयाँ |
| कवाडी अन्य | प्रति के.जी १ रुपैयाँ |
| कवाडी बोत्तल | निःशुल्क |
| छाला हड्डी (कानुनले प्रतिवन्ध गरेको बाहेक) | प्रति के.जी. २ रुपैयाँ |
| सिङ खुर (कानुनले प्रतिवन्ध गरेको बाहेक) | प्रति के.जी २ रुपैयाँ |

## अनुसुचि ६
## सवारी साधन कर

| सवारी साधनको किसिम | करका दरहरु | |
|---|---|---|
| | दर्ता | नविकरण |
| अटो रिक्सा, ई रिक्सा | १,०००/- | ५००/- |
| अन्य सबै किसिमका सवारी | प्रदेश कानुनले तोके बमोजिम | |

## अनुसुचि ७
## विज्ञापन कर

| विवरण | करका दरहरु (रु) |
|---|---|
| फ्लेक्स बोर्ड प्रति वर्ग फुट | १००/- |
| डिजिटल डिस्प्ले प्रति वर्ग फुट | १५०/- |
| भित्ते लेखन, सटर पेन्टिङ प्रति वर्ग फुट | ५०/- |

## अनुसुचि ८
## मनोरञ्जन कर

| | |
|---|---|
| मनोरञ्जन कर | प्रदेश कानुनमा उल्लेख गरिएको मा सोही बमोजिम मात्र |

## अनुसुचि ९
## बहाल भिटौरी कर

| विवरण | करका दरहरु (प्रति वर्ग मिटर) |
|---|---|
| पटके व्यवसाय मासिक | ३००/- |
| गाउँपालिकाले निर्माण गरेको संरचना वजार क्षेत्रमा व्यवसाय गर्ने मासिक | ५००/- |
| गाउँपालिकाले निर्माण गरेको संरचना अन्य क्षेत्रमा मासिक | १५०/- |
| टावर | ६,०००/- |

## अनुसूची-१०
## पार्किङ शुल्क

| पार्किङ शुल्क | प्रति घण्टा (रु) | प्रति दिन (रु) |
|---|---|---|
| बस, ट्रक, लरी हेवि गाडी | ५०/- | ५००/- |
| माईक्रो कार, जिप, भ्यान | २०/- | २००/- |
| अटो /मोटरसाईकल | १०/- | १००/- |

## अनुसुचि ११
## ट्रेकिङ, कायाकिङ, प्याराग्लाईडिङ कर

| विवरण | दर (रु) |
|---|---|
| ट्रेकिङ, कायानिङ, क्यानोनिङ, र्‍याफ्टिङ, प्याराग्लाइडिङ, जिप फ्लायर, बञ्जी जम्पिङ | १०,०००/- |

## अनुसुचि १२
## सेवा शुल्क तथा दस्तुर

| सेवाको विवरण | शुल्क दस्तुर (रु) |
|---|---|
| **विभिन्न प्रकारका सिफारिस** | |
| नागरिकता सिफारिस | १००/- |
| नागरिकता प्रतिलिपी सिफारिस | २००/- |
| विद्युत जडान सिफारिस घरायसी/कृषि प्रयोजन | १००/- |
| विद्युत जडान सिफारिस व्यवसायिक प्रयोजन | २५०/- |
| व्यवसायीक प्रयोजनका लागि काठ निकासी सिफारिस | ५००/- |
| घरायसी प्रयोजनका लागि काठ निकासी सिफारिस | २००/- |
| अंग्रेजी सिफारिस | १,०००/- |
| कित्ताकाट सिफारिस | ५००/- |
| पुर्जामा घरकायम गर्ने सिफारिस | ५००/- |
| जग्गाको दर्ता सिफारिस | १००/- |
| जग्गा मूल्याङ्कन तथा सिफारिस | |
| क. रु ५० लाखसम्म | १,०००/- |
| ख. रु ५००००01देखि रु १ करोडसम्म | २,०००/- |
| ग. रु १००००००1देखि माथि | प्रति लाख रु. २५ का दरले थप |
| जग्गाधनि पुर्जा हराएको सिफारिस | २००/- |
| नामसारी गर्ने सिफारिस | ५००/- |
| जग्गा वर्गीकरण सिफारिस | ५००/- |
| उद्योग बन्द गर्ने तथा बन्द उद्योग खोल्ने सिफारिस | ५००/- |

| | |
|---|---|
| मोटर बाटोले छोएको घर बाटो सिफारिस | ५००/- |
| मोटर बाटोले नछोएको घर बाटो सिफारिस | ३००/- |
| उद्योग ठाँउसारी गर्ने सिफारिस | ५००/- |
| व्यवसायिक घर कोठा खोल्न रोहबरमा बस्ने दस्तुर | २,०००/- |
| आवासिय घर कोठा खोल्न रोहबरमा बस्ने दस्तुर | १५०/- |
| हकभोग तथा जोतभोग र छुट दर्ता सिफारिस | १००/- |
| साना घरेलु उद्योगमा आगलागी सिफारिस | १००/- |
| मझौला उद्योगमा आगलागी सिफारिस | १,०००/- |
| ठुला उद्योगमा आगलागी सिफारिस | २,०००/- |
| सर्वसाधारणको घर टहरा आगलागी सफारीस | निःशुल्क |
| संघसंस्थाको वैंक खाता खोल्दा सिफारिस | ३००/- |
| घर निर्माणाधिन रहेको सिफारिस | ३००/- |
| वैदेशिक रोजगारीमा मृत्यु हुनेको सिफारिस | निःशुल्क |
| नम्वरी जग्गाको रुख काट्ने सिफारिस (कानुनले प्रतिवन्ध गरेको बाहेक) | ५००/- |
| सहुलियत काठको सिफारिस | १,०००/- |
| बिद्युत टान्सफरर्मर जडान सिफारिस | ४,०००/- |
| खानेपानीको धारा जडान सिफारिस | १००/- |
| अपुताली सिफारिस दस्तुर | १,०००/- |
| मेला सर्कस अनुमति सिफारिस | २०,०००/- |
| संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने | १००/- |
| वैदेशिक अध्ययन तथा रोजगार सिफारिस | ५००/- |
| आर्थिक अवस्था कमजोर तथा विपन्नता प्रमाणित वा सिफारिस | निःशुल्क |
| मोही लगत कट्टी को सिफारिस | ५००/- |
| व्यापार व्यवसाय वन्द भएको वा हुदै नभएको सिफारिस | २००/- |
| निःशुल्क वा सशुल्क स्वस्थ्य उपचारको सिफारिस गर्ने | निःशुल्क |
| नाम वा जन्ममिति संसोधन सिफारिस | २५०/- |
| मृतक सँगको नाता प्रमाणित तथा सिफारिस | २५०/- |
| विपन्न विद्यार्थी छात्रबृत्ति सिफारिस | निःशुल्क |
| जिवित रहेको सिफारिस | १००/- |
| अपाङ्ग सिफारिस | निःशुल्क |
| अस्थायी तथा स्थायी बसोबास सिफारिस | १००/- |
| आर्थिक अवस्था कमजोर सिफारिस | निःशुल्क |
| आर्थिक अवस्था बलियो सिफारिस | ५००/- |
| दुवै नाम गरेको ब्यक्ति एउटै हो भन्ने सिफारिस | ५००/- |

| | |
|---|---|
| अदालत कोट फि मिनाहा सिफारिस | निःशुल्क |
| नाबालक परिचय पत्र सिफारिस | १००/- |
| चौपाय‍ा सम्बन्धी सिफारिस | १००/- |
| उद्योग ठाउँसारी सिफारिस | २००/- |
| विवरण खुलाई पठाउने कार्यका लागि सिफारिस | ७००/- |
| पेन्शन सिफारिस वैदेशिक मुलुक | ५००/- |
| पेन्शन सिफारिस नेपाल को लागी | २००/- |
| पालनपोषणको लागी सिफारिस | २००/- |
| वैवाहिक अंगिकृत नागरीकता सिफारिस | १,०००/- |
| दरपिठ सिफारिस प्रति पाना | १००/- |
| प्लटिङ इजाजत सिफारिस प्रति रोपनी | २,०००/- |
| छात्रबृत्ति सिफारिस | १००/- |
| विद्यालय संचालन वा कक्षा स्तर बृद्धि सिफारिस | १००/- |
| दलित आदिवासी जनजाती सिफारिस | १००/- |
| प्रतिलिपि वा प्रतिलिपिको लागि सिफारिस | थप ५०/- |
| अन्य सिफारिस | २००/- |
| **शुल्क / दस्तुर** | |
| व्यवसाय दर्ता शुल्क | २००/- |
| नाता प्रमाणित अंग्रेजी/नेपाली | १०००/५०० (दुई जनासम्म) र प्रति थप व्यक्ति रु १००/- |
| प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गर्नुपर्ने कागजात प्रति पत्र | १,०००/- |
| साहसिक एवम् मनोरन्ञ्जनात्मक खेल अनुमति | २०,०००/- |
| अध्ययन अनुसन्धानात्मक अनुमति | ५०,०००/- |
| सर्जमि‍िन मुचुल्का | ५००/- |
| न्यायीक समिति निवेदन (अपाङ्ग,अशक्त,सिमान्तकृतलाई) | १००/(निःशुल्क) |
| व्यवसाय नामसारी दस्तुर | २००/- |
| गैरसरकारी संस्था दर्ता | १,०००/- |
| आमा समूह/महिला समूह/टोल विकास संस्था/उपभोक्ता समिति दर्ता | २००/- |
| समुह /संस्था/ समिति नविकरण | ३००/- |
| **पञ्जिकरण (३५ दिन म्याद नाघेको हकमा)** र प्रमाणित दस्तुर | |
| जन्म दर्ता | २००/- |
| मृत्यु दर्ता | २००/- |
| विवाह दर्ता | २००/- |
| बसाई सराई | २००/- |
| सम्बन्ध विच्छेद | २००/- |

| | |
|---|---|
| पञ्जिकरण प्रतिलिपी | ५००/- |
| पक्की घर प्रमाणित | ३००/- |
| कच्ची घर प्रमाणित | १००/- |
| बसोवास प्रमाणित | १५०/- |
| नक्सापास किताब दस्तुर | ५००/- |
| घरपाताल प्रमाणित | २००/- |
| व्यवसाय प्रमाणपत्र प्रतिलिपि दस्तुर | १००/- |
| चार किल्ला प्रमाणीत मोटर बाटोले छोएको | ५००/- |
| चार किल्ला प्रमाणीत मोटर बाटोले नछोएको | ३००/- |
| कर तिरेको रसिदको प्रतिलिपि | २०/- |
| निवेदन दस्तुर | १०/- |
| जन्ममिति प्रमाणित गर्ने | २००/- |
| विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | २००/- |
| वसाईसराई प्रमाणित | २००/- |
| मृत्यु प्रमाणित | २००/- |
| व्यक्तिगत विवरण प्रमाणित | २००/- |
| हकवाला वा हकदार प्रमाणित | २००/- |
| कागज मञ्जुरीनामा प्रमाणीत | ५००/- |
| योजना खाता बुक | ५००/- |
| ***सेवा शुल्क*** | |
| सडक मर्मत सम्भार (शुल्क/प्रति सिट प्रति पटक) | ५०/- |
| सडक मर्मत सम्भार शुल्क ढुवानी साधन (प्रति क्विनटल प्रति पटक) | १०/- |
| बाटो मर्मत सम्भार शुल्क (प्रति खच्चड/जोप्के/घोडा प्रति बर्ष) | २,०००/- |
| ***फोहोरमैला व्यवस्थापन सेवा शुल्क*** | ***प्रति महिना (रु)*** |
| लज तथा होटल (१० भन्दा कम कमन रुम भएको) | १,०००/- |
| लज तथा होटल (१० भन्दा बढी कमन रुम भएको) | १,२००/- |
| लज तथा होटल (५ भन्दा कम एटयाच टवाइलेट भएको) | १,५००/- |
| लज तथा होटल (५ भन्दा बढी एटयाच टावइलेट भएको) | १,८००/- |
| चेन रिसोर्ट | २,०००/- |
| चिया पसल, | ५००/- |
| घर (एक परिवार) | १००/- |
| क्याफे, बेकरी, रेष्टुरेन्ट भट्टी | ८००/- |
| सैलुन | ५००/- |
| स्नुकर, पुल हाउस | ५००/- |
| जनरल स्टोर्स | ७००/- |
| ट्रेकिङ गियर सप | ७००/- |

| | |
|---|---|
| कपडा पसल | ७००/- |
| पेन्टिङ पसल | ७००/- |
| औषधि पसल | ७००/- |
| सुन चाँदी पसल | ७००/- |
| बार, पब | ८००/- |
| मनि एक्सचेन्ज | ७००/- |
| मिनिरल वाटर बोतल उत्पादन | १,२००/- |
| मिनिरल वाटर उत्पादन संस्था | १,२००/- |
| इलेक्ट्रोनिक पसल | ७००/- |
| बैंक | ८००/- |
| सहकारी | ८००/- |
| विद्यालय | ८००/- |
| होस्टल | १,२००/- |
| मसाज सेन्टर | ७००/- |
| म्यूजियम | ८००/- |
| घरेलु तथा साना उद्योग | १,२००/- |
| मासु पसल | १,०००/- |
| सरकारी कार्यालय | ६००/- |
| हाट-बजारमा पसल संचालन गर्ने | ५००/- |
| घर निर्माण तथा मर्मतबाट उत्पन्न फोहोर व्यवस्थापन शूल्क | ८,०००/- |
| ***अमिन सेवा शुल्क*** | |
| प्रथम एक कित्ताको लागि प्रति कित्ता | १,५००/- |
| थप कित्ताको लागि प्रति कित्ता | १,०००/- |

**तपशिल**

***क) घर नक्शा पास, तथा अभिलेखिकरण दस्तुर***

| क्र.स. | विवरण | प्रति वर्ग फिट (रु) | कैफियत |
|---|---|---|---|
| १ | पक्की आर सी सी भवन पहिलो तल्ला | ४/०० | |
| २ | पक्की आर सी सी भवन दोस्रो तल्ला | ४/५० | |
| ३ | पक्की आर सी सी भवन तेस्रो तल्ला र सो भन्दा माथि | ५/०० | |
| ४ | पक्की गारो जस्ता पाताको छाना सबै तल्ला | ३/०० | |
| ५ | कम्पाउण्ड वाल | १/५० | |
| ६ | कच्ची घर जस्ता पाताको छाना सबै तल्ला | १/५० | |
| ७ | स्टील/आल्मुनियम स्ट्रक्चर सबै तल्ला | ३/०० | |
| ८ | माटो र ढुङ्गाको घर सबै तल्ला | २/५० | |

| | | | |
|---|---|---|---|
| ९ | काठको घर सबै तल्ला | ३/०० | |
| १० | अन्य घरहरु | १/७५ | |

*(नोटः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४२ को नक्सा पास सम्बन्धी विशेष व्यवस्था अनुसार नक्सा पास गर्न वा स्वीकृत नक्सा हेरफेर गर्न माथि उल्लेखित दस्तुरको तेब्बर दस्तुर लाग्नेछ।)*

*ख) नक्सा नामसारी गर्दा लाग्ने दस्तुर*

| **क्र.स.** | **विवरण** | **प्रति वर्ग फिट (रु)** | **कैफियत** |
|---|---|---|---|
| १ | रजिष्ट्रेशन पास वा बकस पास भई आएको पक्की आर सी सी भवन | २/०० | |
| २ | रजिस्ट्रेशन पास वा वकस पास भई आएको पक्की गारो जस्ता पाताको छाना | २/०० | |
| ३ | रजिस्ट्रेशन पास वा बकस पास भई आएको कम्पाउण्ड वाल | १/०० | |
| ४ | रजिस्ट्रेशन पास वा बकस पास भई आएको कच्ची घर जस्ता पाताको छाना | १/०० | |
| ५ | मृत्यु पछिको नामसारी गर्दा पक्की आर सी सी भवन | १/५० | |
| ६ | मृत्यु पछिको नामसारी गर्दा पक्की गारो जस्ता पाताको छाना | १/०० | |
| ७ | मृत्यु पछिको नामसारी गर्दा कम्पाउण्ड वाल | १/०० | |
| ८ | मृत्यु पछिको नामसारी गर्दा कच्ची घर जस्ता पाताको छाना | ०/५० | |

## अनुसुचि-१३
## पर्यटन शुल्क

| क्र.स. | विवरण | प्रति व्यक्ति (रु) |
|---|---|---|
| १. | सार्क क्षेत्र र चिनिया नागरिक | २,०००/- |
| २. | अन्य विदेशी नागरिक | ३,०००/- |
| ३. | कुटनीतिक विशिष्ट व्यत्तित्व र १० वर्ष मुनिका बालबालिका | कागजातका आधारमा निःशुल्क |